(नमाजमा) पुरुषहरूको सबैभन्दा राम्रो पङ्क्ति (सफ) तिनीहरूको पहिलो पङ्क्ति हो र सबैभन्दा खराब पङ्क्ति तिनीहरूको अन्तिम पङ्क्ति हो । जबकि महिलाहरूको सबैभन्दा राम्रो पङ्क्ति तिनीहरूको अन्तिम पङ्क्ति हो र सबैभन्दा खराब पङ्क्ति तिनीहरूको पहिलो पङ्क्ति हो ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "(नमाजमा) पुरुषहरूको सबैभन्दा राम्रो पङ्क्ति (सफ) तिनीहरूको पहिलो पङ्क्ति हो र सबैभन्दा खराब पङ्क्ति तिनीहरूको अन्तिम पङ्क्ति हो । जबकि महिलाहरूको सबैभन्दा राम्रो पङ्क्ति तिनीहरूको अन्तिम पङ्क्ति हो र सबैभन्दा खराब पङ्क्ति तिनीहरूको पहिलो पङ्क्ति हो ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: नमाजमा सवाब (पुण्य) र सद्गुणको हिसाबले पुरुषहरूको सबैभन्दा राम्रो पङ्क्ति पहिलो हो; किनभने उनीहरू इमामदेखि नजिक हुन्छन्, राम्रोसँग तिलावत (पाठ) सुन्न पाउँछन् र महिलाहरूको सफदेखि टाढा हुन्छन् । अनि सबैभन्दा खराब पंक्ति र सवाब (पुण्य) तथा सद्गुणको हिसाबले सबैभन्दा निम्न र इस्लामले चाहेको कुराहरूबाट सबैभन्दा टाढाको सफ अन्तिम हो । महिलाहरुका लागि सबैभन्दा उत्कृष्ट पङ्क्ति अन्तिम पङ्क्तिहरु हुन्; किनभने यसमा तिनीहरूका लागि धेरै पर्दा हुन्छ, मानिसहरूसँग घुलमिल हुनबाट जोगिन्छ, उनीहरूको हेराइ र तिनीहरूद्वारा प्रलोभनमा पर्नुबाट टाढा हुन्छन् । अनि सबैभन्दा खराब पंक्ति पहिलो हो; किनभने पुरुषहरुसँग घुलमिल र प्रलोभनमा पर्ने सम्भावना बढी हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/11299